# शिखर इन्स्योरेन्स कम्पनी लि.

परिशिष्ट १ (निर्देशन १ संग सम्बन्धित)

**निर्जीवन बीमा गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण**

**आ.ब. २०७७/०७८ को तेश्रो त्रैमासिक (२०७७ चैत मसान्त)** सम्मको लेखापरिक्षण हुन बांकी (UNAUDITED) वित्तीय परिणाम

**वासलात**

| क.सं. | विवरण | यस त्रैमासिकको अन्तमा २०७७/१२/३१ | अघिल्लो त्रैमासिकको अन्तमा २०७७/०९/२९ | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्तमा २०७६/१२/३० |
|---|---|---|---|---|
| **१** | **श्रोत (१.१ देखि १.६ सम्म)** | **३,८०५,२२२,९९६** | **३,६८३,३१२,५६२** | **३,१५६,३१९,४९३** |
| १.१ | चुक्ता पूजी | १,७५८,५२४,००० | १,३७४,५०३,८०० | १,०५७,३१०,६०० |
| १.२ | जगेडा कोष | ६१७,६७१,००८ | ९४०,७३५,९९१ | ७६५,६५१,४९६ |
| १.३ | वीमा कोष | १,२३८,९७१,०२९ | १,१७८,०१५,८१२ | १,०५७,३१०,६०० |
| १.४ | महा-विपत्ति कोष | ९४,३४३,९९६ | ९४,३४३,९९६ | ९४,३४३,९९६ |
| १.५ | हकप्रद शेयरबापत अग्रिम भुक्तानी | - | - | १८१,७०२,८०० |
| १.६ | शेयर प्रिमियम | ९५,७१२,९६३ | ९५,७१२,९६३ | - |
| **२** | **उपयोग (२.१ देखि २.६ सम्म)** | **३,८०५,२२२,९९६** | **३,६८३,३१२,५६२** | **३,१५६,३१९,४९३** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | २१८,६७४,७३१ | २१९,०५४,६४१ | २१८,६३१,९३३ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ९६८,९३८,८६९ | ८८४,९५५,५१२ | ९७५,३९६,६२७ |
| २.३ | दिर्घकालिन कर्जा तथा पेश्की | २९,१८९,६२९ | २९,५०१,९४० | ३७,७४९,५८४ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २,५८८,४१९,७६८ | २,५४९,८००,४६९ | १,९२४,४९१,३७२ |
| २.५ | अपलेखन वा समायोजन हुन बाकी विविध खर्च | - | - | ४९,९७९ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| **३** | **चालु सम्पति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **४,२८४,४५१,३४१** | **४,१४६,४०६,१८१** | **३,६०७,००५,७९४** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ३४४,३६७,४६१ | २९६,००९,५४४ | ४१२,४७५,६०० |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २,३८९,७१५,६५७ | २,४४९,९१८,८०८ | २,१४०,२७१,५९४ |
| ३.३ | अन्य सम्पत्ति | १,५५०,३६८,२२३ | १,४००,४७७,८२८ | १,०५४,२५८,६०० |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)** | **१,६९६,०३१,५७३** | **१,५९६,६०५,७१२** | **१,६८२,५१४,४२२** |
| ४.१ | चालु दायित्व | २०८,३१०,०८० | १५२,७२४,३२४ | २७०,१८९,०३८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ८२४,७३७,४३७ | ८५४,७६३,५३४ | ७६५,०२४,५७२ |
| ४.३ | भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २२५,४१८,७३९ | २२१,२१५,६४२ | २८६,५३९,७३९ |
| ४.४ | अन्य व्यवस्था | ४३७,५६५,३१७ | ३६७,९०२,२१२ | ३६०,७६१,०७२ |

**नाफा-नोक्सान हिसाब**

| क.सं. | विवरण | यस त्रैमासिकको अन्तसम्म २०७७/१२/३१ | अघिल्लो त्रैमासिकको अन्तसम्म २०७७/०९/२९ | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्तसम्म २०७६/१२/३० |
|---|---|---|---|---|
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **६०५,३५२,९२२** | **४००,४४९,९३५** | **५४९,५४५,२५०** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ४९६,०५२,८७६ | ३३७,६३२,६८५ | ४४४,९०८,२१९ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | १०९,३००,०४५ | ६२,८१७,२५० | १०४,६३७,०३० |
| १.३ | व्यवस्था फिर्ता | - | | - |
| १.४ | अन्य आम्दानी | - | - | - |
| **२** | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)** | **२४२,०३२,०६४** | **१५९,०३९,५१२** | **२२०,०२६,३१९** |
| २.१ | व्यवस्थापन खर्च | ३४,४२०,१४५ | २१,०९०,६९८ | ३१,७२९,७८८ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्च | - | - | - |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनश व्यवस्था | ५१,९०२,९८० | ३४,४८७,२०३ | ४७,०७४,१३३ |
| २.७ | आयकर | १५५,७०८,९३९ | १०३,४६१,६१० | १४१,२२२,३९९ |
| **३** | **खुद नाफा / नोक्सान (१ - २)** | **३६३,३२०,८५८** | **२४१,४१०,४२३** | **३२९,५१८,९३१** |

**एकिकृत आय व्यय हिसाब**

| क.सं. | विवरण | यस त्रैमासिकको अन्तसम्म २०७७/१२/३१ | अघिल्लो त्रैमासिकको अन्तसम्म २०७७/०९/२९ | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्तसम्म २०७६/१२/३० |
|---|---|---|---|---|
| **१** | **आय (१.१ देखि १.६ सम्म)** | **२,५२९,४९५,८०४** | **१,९९४,७३८,६१८** | **२,४६५,०९९,४५४** |
| १.१ | वीमाशुल्क (खुद) | १,०८२,४८६,१८५ | ७४४,५२८,५२२ | ९६६,८०१,४०५ |
| १.२ | पुनर्बीमा कमिशन आय | ४६४,९०१,१३२ | २८७,५५७,८०४ | ४७६,३२०,१२३ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १३३,५८८,९४४ | ११४,१३२,७५० | १०३,९६८,७७१ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | त्रैमासिकको शुरुको भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २५५,७८५,२५७ | २५५,७८५,२५७ | २७४,९१४,३७९ |
| १.६ | त्रैमासिकको शूरुको असमाप्त जोखिम वापत व्यवस्था | ५९२,७३४,२८५ | ५९२,७३४,२८५ | ६४३,०९४,७७६ |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **२,०३३,४४२,९२८** | **१,६५७,१०५,९३३** | **२,०२०,१९१,२३४** |
| २.१ | दावी भुक्तानी (खुद) | ६४०,२३९,९९२ | ३७१,५५७,६८८ | ६५२,६९९,४५५ |
| २.२ | अभिकर्ता कमिशन | २२,४४०,५९३ | १२,३०७,५०० | २०,६९१,३६६ |
| २.३ | पूनर्बीमा कमिशन खर्च | | - | - |
| २.४ | सेवा शुल्क (खुद) | १०,८२४,८६२ | ७,४४५,२८५ | ९,६६८,०१४ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.६ | व्यवस्थापन खर्च | ३०९,७८१,३०५ | १८९,८१६,२८४ | २८५,५६८,०८८ |
| २.७ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २२५,४१८,७३९ | २२१,२१५,६४२ | २८६,५३९,७३९ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ८२४,७३७,४३७ | ८५४,७६३,५३४ | ७६५,०२४,५७२ |
| **३** | **नाफा / नोक्सान हिसाबमा सारेको (१-२)** | **४९६,०५२,८७६** | **३३७,६३२,६८५** | **४४४,९०८,२१९** |

**अन्य**

| क.सं. | विवरण | यस त्रैमासिकको अन्तसम्म २०७७/१२/३१ | अघिल्लो त्रैमासिकको अन्तसम्म २०७७/०९/२९ | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्तसम्म २०७६/१२/३० |
|---|---|---|---|---|
| १ | बीमाशुल्क आर्जन कुल रकम | २,९६५,७९९,०८३ | २,११६,९४९,०११ | २,६००,९३३,३२० |
| २ | जारी बीमालेखको संख्या | २११,९९६ | १४६,६३७ | २३५,५६३ |
| ३ | नवीकरण गरिएको वीमालेखको संख्या | ४९,३२१ | ३६,१२१ | ४७,८९२ |
| ४ | कुल दाबी भुक्तानी | १,७३१,४५३,००७ | १,००८,५७१,२४६ | १,२६८,७१२,८०० |
| ५ | कुल दाबी भुक्तानी संख्या | १६,९१४ | ९,५५१ | ९,४६० |
| ६ | भुक्तानी हुन बांकी दाबी | १,४२७,०४३,२६६ | १,७१०,५२४,५१६ | ७२१,८६४,०८६ |
| ७ | भुक्तानी हुन बांकी दाबी संख्या | ९,२८६ | १२,६०४ | ४,१५७ |

नोट : अघिल्लो त्रैमासिकहरुको वित्तीय विवरणहरुमा आवश्यकता अनुसार पुनवर्गिकरण तथा संशोधन गरिएको छ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

## आ.व. २०७७/७८ को तेश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तिय विवरणः**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरणः**

यस कम्पनीको आ.व. २०७७।७८ को तेस्रो त्रैमासिक अवधिको अपरिस्कृत वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण यसैसाथ संलग्न गरी प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरुः**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | २७।९३ | प्रति शेयर नेट वर्थ | २१६।३९ |
| मुल्य आम्दानी अनुपात | ६८।७४ | प्रति शेयर कुल सम्पत्ति मूल्य | ३१२।८३ |

कम्पनीको पन्ध्रौं तथा सोह्रौं वार्षिक साधारण सभाबाट निर्णय भएको २७.७७ बोनस शेयर कम्पनी रजिष्ट्रार कार्यालयबाट अद्यावधिक भई कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन भई कम्पनीको चुक्ता पुँजीमा वृद्धि भएको छ। कम्पनीको पन्ध्रौं तथा सोह्रौं वार्षिक साधारण सभाबाट निर्णय भएको बोनस शेयर पश्चात कायम हुने चुक्ता पुँजीमा ३० प्रतिशत हकप्रद शेयर बीमा समितिबाट स्विकृति भई सोहि बमोजिमले कम्पनी रजिष्ट्रार कार्यालयबाट कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गरी हकप्रद शेयर जारीको लागि आवश्यक प्रकृयाको थालनी भैसकेको जानकारी गराउन चाहन्छौं ।

२. **व्यवस्थापकिय विश्लेषणः**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस सक्रमणको कारण कम्पनीको मोटर बीमा, हवाई बीमा, ट्राभल मेडिकल बीमा तथा ट्रेकिङ बीमामा असर परेको छ । साथै कोरोना भाइरस सक्रमणबाट प्रभावित व्यवसायीहरुलाई राहत प्रदान गर्ने उद्देश्यले बीमा समितिबाट मोटर बीमा तथा सम्पत्ति बीमाको नविकरणमा छुट प्रदान गर्ने निर्देशन भएको कारण सम्पत्ति बीमा तथा मोटर बीमाको नविकरण बीमाशुल्कमा असर परेको छ। कोरोनाभाइरसबाट प्रभावित विमितलाई प्रदान गरिएको छुटले संकटको घडिमा देशको अर्थतन्त्रलाई सबल बनाउन एक महत्वपूर्ण सहयोगका रुपमा रहनेमा विश्वास गर्न सकिन्छ। कोरोना भाइरसको पहिलो लहर पश्चात जनजिवन सामान्य हुदैं गएको अवस्थामा कम्पनीले व्यवसायिक वृद्धिदरमा गति लिन थालिसकेकोमा २०७८ सालको प्रारम्भबाट सुरु भएको कोरोना भाइरसको दाश्रो लहरका कारण तथा सो लाई नियन्त्रण गर्न नेपाल सरकार तथा स्थानीय सरकारबाट लागु गरिएको निशेधाज्ञाको कारण चौथौ त्रैमासिकको व्यवसायिक वृद्धिदरमा असर पर्ने देखिन्छ।

३. **कानुनी कारवाही सम्बन्धि विवरणः**

यस अवधिमा कम्पनीको व्यवसायीक कारोबार सम्बन्धि कुनै पनि मुद्दा नपरेको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विवरणः

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य रु. | ३०२१ | अन्तिम मुल्य रु. | १९२० |
| न्युनतम मुल्य रु. | १७७४ | कारोबार भएको कुल दिन | ५९ |
| कारोबार संख्या | ४७,०५० | शेयर संख्या | ४,२१४,५७५ |

५. **समस्या र चुनौतिः**

- कोरोना भाइरस संक्रमणको कारण कम्पनीको व्यवसायमा परेको प्रभाव ।
- बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा प्राप्त हुने व्याजदरमा हुने परिवर्तन ।
- नेपालको वित्तीय क्षेत्रमा दक्ष जनशक्तिको कमिले गर्दा जनशक्ति विकास तथा परिचालनमा रहेको समस्या तथा चुनौति ।
- प्राकृतिक प्रकोप जस्तै भुकम्प बाढी पहिरो लगायतले निम्त्याउने महाविपत्ति जोखिम ।
- अस्थिर राजनैतिक वातावरणबाट उत्पन्न हुने आर्थिक तथा अन्य समस्याहरु ।
- नयाँ बीमा कम्पनीको आगमन तथा बीमा कम्पनीहरुको चुक्ता पुँजीमा भएको वृद्धि सँगै बजार प्रतिस्पर्धामा भएको वृद्धि ।

**रणनीतिः**

कारोना भाइरस सक्रमणको कारण कम्पनीको व्यवसायमा पर्न सक्ने प्रभावलाई सुक्ष्म अध्ययन गरी आवश्यक रणनीति बनाई अघि बढने योजना रहेको छ।

जनशक्ति विकास तथा परिचालनको लागि नियमित रुपमा आफ्ना कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्दै आएका छौं। यसबाट कम्पनीले हरेक क्षेत्रमा बैकल्पिक जनशक्ति समेतको विकास गर्दै जाने योजना रहेको छ।

प्राकृतिक प्रकोपबाट सृजना हुने महाविपत्ति जोखिमलाई व्यवस्थापन गर्न आफ्नो धारण शक्तिको मुल्याङ्कन गर्दै कुशल पुनर्बीमा व्यवस्था गर्दै जाने रणनीति रहेको छ।

देशमा विद्यमान राजनैतिक विकासक्रमका कारण सृजना हुने जोखिम तथा चुनौतिहरुका निम्ति आवश्यक योजनाका साथ कम्पनी अगाडी बढने रणनीति रहेको छ।

बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपको व्याजदरमा हुने कमीका कारण सृजना हुने जोखिमलाई न्युनिकरण गर्नको लागि कम्पनीको लगानीमा विविधिकरण गर्दै आएका छौं ।

६. **संस्थागत सुशासनः**

बीमा ऐन, नियम तथा बीमा समितिबाट जारी निर्देशन एवं निर्देशिका र कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अनुसार संस्थागत सुशासनको लागि आन्तकि लेखा परीक्षक मार्फत लेखा परिक्षण गर्ने लेखा परिक्षकको सुझाव तथा बीमा समितिबाट जारी गरिएको संस्थागत सुशासन सम्बन्धि निर्देशिका , २०७५ बाट तोकिएको निर्देशन बमोजिम कम्पनीले कार्य सम्पादन गर्दै आएको छ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणः**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पुर्ण उत्तर दायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन साथै हालसम्म प्राप्त दाबी हिसाब, पुनर्बीमा हिसाब तथा लेखा परिक्षण गर्दा कुनै व्यवस्था गर्नु परेमा माथि देखाइएका हिसाब फरक पर्न सक्ने छ।